# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १७ मितिः २५ फाल्गुण, २०७७ साल

# भाग-२

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको परम्परागत उपचारकको सूचीकरण मापदण्ड, २०७७

**प्रस्तावना** : स्वास्थ्य सेवाको संस्थागत विकास हुनुपूर्व नेपाली समाजमा स्वास्थ्य समस्याहरुको समाधानको लागि परम्परागत रूपमा चलिआएका विभिन्न स्वास्थ्य परम्परामा नै निर्भर रहने गर्दथ्यो । परम्परागत चिकित्सा पद्धति कला, संस्कृति, धर्म र जाति विशेषसँग अभिन्न रूपमा जोडिएको हुन्छ भने क्षेत्र अनुसार फरक फरक हुने गर्दछ। तसर्थः परम्परागत उपचारकको पहिचान गरी त्यस्ता उपचारकलाई सूचिकृत गराउन र नियमन व्यवस्थापन एवं जवाफदेही बनाउनको लागी जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २२ को उपदफा (३) ले दिइएको अधिकार प्रयोग गरी यो मापदण्ड जारी गरिएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो मापदण्डको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको परम्परागत उपचारकको सूचीकरण मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२) <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) “उपचार” भन्नाले परम्परागत उपचारकले प्रदान गर्ने सेवा सम्झनुपर्छ।

(ख) "परम्परागत उपचारक" भन्नाले आफ्नो पूर्खा वा गुरुकुल प्रथा अनुरुपको ज्ञान, सीप, प्रविधि, अनुभव हासिल गरेको आधारमा रोगी जाँचेर रोगको कारण, प्रकृति र अवस्था हेरी प्राकृतिक रूपमा स्थानीयस्तरमा उपलब्ध विभिन्न जडीबुटीहरू, खनिज द्रव्यहरू, जान्तव द्रव्यहरु प्रयोग गरी वा त्यस्ता द्रव्यहरु प्रशोधन गरेर घरमा नै बसेर उपचार गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ग) "परम्परागत उपचार ज्ञान" भन्नाले लिखित, मौखिक वा अन्य रूपहरुमा पुस्तौंपुस्तादेखि निरन्तर रुपमा पुस्ताहरूमा हस्तान्तरण भएको गतिशील र व्यक्तिगत वा सामूहिक रूपमा

संरक्षण, अभ्यास एवं विकास गरिएको साँस्कृतिक ज्ञान, सीप, प्रविधि, नवविचार, प्रथाहरु, शिक्षा, औषधी निर्माणविधि वा उपचारविधि सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(ङ) "पालिका" भन्नाले संविधानको धारा २१५ बमोजिम गठन भएको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ वमोजिम गठन भएको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(च) "विभाग" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग सम्झनुपर्छ।

(छ) "सांस्कृतिक ज्ञान" भन्नाले ऐतिहासिक पृष्ठभूमि भएको, अरूभन्दा भिन्न, आफ्नो क्षेत्रमा निरन्तर विकसित भइ भविष्यका पुस्ताहरूलाई हस्तान्तरण गर्दै, सांस्कृतिक ढाँचामा कार्यरत भएको ज्ञान/ ज्ञानका धारकलाई बुझाउँदछ।

३) **उद्देश्यः** मापदण्डको उद्देश्य देहाय वमोजिम रहेको छ;

(क) परम्परागत उपचार ज्ञान, साँस्कृतिक ज्ञान तथा परम्परागत उपचारकहरूको पहिचान, वर्गीकरण र तथ्याङ्क सङ्कलन गर्ने।

(ख) परम्परागत रूपमा उपचार वा स्वास्थ्य सेवा दिइरहेका योग्य र सक्षम उपचारकहरूलाई उनीहरूको योग्यता, क्षमता र भौगोलिक एवं विषयगत क्षेत्रको आधारमा वर्गीकृत गरी सूची तयार गरी उनीहरुको सीमा निर्धारण गर्ने।

(ग) सूचीकृत उपचारकहरूले तोकीएको सीमाभित्र रहेर कार्य गर्ने, सो अनुरुप नगर्ने व्यक्तिहरूलाई निरुत्साहित र दण्डित गर्ने आधार तयार गर्ने।

(घ) परम्परागत उपचारकहरुको मापदण्डमा स्थानीय तहमा एकरूपता ल्याउने ।

(ङ) परम्परागत उपचारकहरूको ज्ञान, सीप, प्रविधिको अभिलेखीकरण र संरक्षणमा मद्दत पुऱ्याउने।

(च) परम्परागत उपचारकसँग रहेको ज्ञान, सीप, प्रविधिको अभिलेख तयार गर्ने, प्रमाणीकरण गर्ने र त्यसलाई संरक्षण, प्रवर्धन, विकास र विस्तार गर्ने।

(छ) परम्परागत उपचारकहरूको बौद्धिक सम्पत्तिको अधिकारको संरक्षण गर्ने ।

(ज) परम्परागत उपचारकहरूको पेशा व्यवसायको संरक्षण र ज्ञान/सीप/प्रविधिलाई प्रोत्साहन गर्ने।

(झ) परम्परागत उपचार सम्वन्धी अध्ययन अनुसन्धानमा टेवा पुऱ्याउने।

४) **परम्परागत उपचारकका प्रकारः** परम्परागत उपचारकहरुको प्रकार देहाय बमोजिम हुनेछ :

(क) जडिबुटी उपचारक
- परम्परागत आयुर्वेद उपचारक
- स्थानीय उपचारक
- आम्ची

(ख) अध्यात्मिक उपचारक
- ज्योतिष
- धामी, झाक्री
- झारफुके
- जान्ने मान्छे
- पण्डित/लामा/पुजारी/गुभाजु/गुरुवा इत्यादी

(ग) परम्परागत सुडेनी

५) **परम्परागत उपचारकहरूको पहिचानः** (१) परम्परागत उपचारकहरूको पहिचानको आधार देहाय बमोजिम हुनेछः

(क) कम्तिमा १५ वर्षसम्म पुर्खा वा गुरुको समीपमा रहेर उपचार सम्बन्धी ज्ञान आर्जन गरेपछि निश्चित् स्थान वा क्षेत्रमा रही निश्चित् जडिबुटी वा स्रोत–साधनको प्रयोग गरी खास रोगको उपचारमा संलग्न भएको हुनुपर्ने ।

(ख) परम्परागत उपचार पेशालाई प्रमुख व्यवसायका रुपमा अपनाउँदै आएको हुनुपर्ने।

(ग) उपचार गर्ने रोगको कारण र लक्षण सम्बन्धी स्पष्ट ज्ञान हुनुको साथै जडिबुटी वा साधन–सामग्री प्रयोग गर्ने भएमा सो प्राप्त हुने स्थान र स्रोतसहित परिचय, गुण, कर्म, संकलन विधि र समय, प्रशोधन, भण्डारण, संरक्षण, आपूर्ति तथा उपयोग सम्बन्धी यथार्थ ज्ञान भएको हुनुपर्ने ।

(घ) जडिबुटीबाट औषधि निर्माण गरी प्रयोग गर्नेका हकमा निर्माण विधि जानेको, स्थानीय स्रोत साधनको प्रयोग गरी आफै औषधि निर्माण गरी स्वास्थ्य सेवा प्रवाह गरेको हुनुपर्ने ।

(ङ) अरुले निर्माण गरेको तथा बाजारमा तयारी अवस्थामा पाइने विभिन्न कम्पनीका शास्त्रीय वा पेटेण्ट औषधिहरु, आधुनिक प्रविधि वा ज्ञान, सीपको प्रयोग गरी बनाइएका औषधिहरुको प्रयोग गर्न नपाइने ।

६) <u>परम्परागत उपचारकको वर्गिकरण</u>ः शिक्षा वा ज्ञान, सीप, प्रविधिको अनुभव ग्रहण गरेको परम्पराका आधारमा परम्परागत उपचारक देहाय बमोजिम दुई प्रकारका हुनेछन्ः

(क) <u>वंश परम्परागत उपचारकः</u> कम्तिमा तीन पुस्तासम्म उपचार सेवा प्रदान गर्ने कार्यमा संलग्न रहँदै आएको वंशपरम्परा भएको परिवारमा आफ्नो परिवारका अग्रजबाट त्यस सम्बन्धी निश्चित् ज्ञान, सीप र प्रविधि आर्जन गरी बालिग भएपछि निरन्तररूपमा सोही बमोजिमको स्वास्थ्य सेवा दिने कार्य कम्तिमा १० वर्षदेखि गर्दै आएको ।

(ख) गुरुशिष्य परम्परागत उपचारक - मापदण्डमा उल्लेख भए अनुसारको योग्यता र क्षमता भएका गुरूको सान्निध्यमा बालिग भएपछि कम्तिमा १० वर्षदेखि रोगको निदान र उपचार सम्बन्धी ज्ञान, सीप, प्रविधि आर्जन गरेको र अनुभव हासिल गरेको ।

७) **परम्परागत उपचारकहरुको सूचीकरणः** (१) आयुर्वेद औषधालय वा पालिकाले परम्परागत उपचारकलाई सूचिकृत गर्ने सूचना आव्हान गर्नु पर्नेछ।

(२) उक्त सूचना जारी भएको १५ दिन भित्र परम्परागत उपचारकले नगर कार्यपालिकाको कायार्लयमा सूचीकरणको लागि अनुसूची -१ मा उल्लेख भए बमोजिमको विवरण भरी आवेदन दिनु पर्नेछ।

८) **आवश्यक कागजातः** परम्परागत उपचारकको सूचीकरणका लागि दिइने आवेदनसाथ देहाय बमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछ :

(क) नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) स्थानीय वडा कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा गरेको सिफारिस ।

(ग) दरखास्तदाता उपचारकको वर्ग वा समूह अनुसार प्रचलित कानून बमोजिम दर्ता भएका संघ वा सम्वन्धीत व्यवसायिक संगठनबाट प्राप्त सिफारिसको सक्कल कागजात ।

(घ) परम्परागत उपचारकको रुपमा काम गरेको प्रमाणित हुने कागजात,

(ङ) उपचार विधि र जडिबुटी सम्वन्धी स्वयं प्रमाणित Scheme ।

९) **परम्परागत उपचारकको काम, कर्तव्य र अधिकारः** परम्परागत उपचारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जडिबुटी द्रव्यको संकलन प्रविधि, प्राप्तीस्थान र निर्माण प्रक्रियाको लगत राख्नुपर्नेछ,

(ख) आफुले उपचार गरेको विरामीको लक्षण, अवस्था, सेवा र औषधीको मात्रा सहितको समग्र रेकर्ड स्पष्टरूपमा राख्नुपर्ने छ,

(ग) आफुलाई आवश्यक औषधी आफैले निर्माण गर्ने, गर्नसक्ने तर बजारमा बिक्री वितरण गर्न पाइनेछैन,

(घ) जडिबुटि राम्ररी पहिचान गर्न सक्ने तथा त्यस्ता जडिबुटिबाट घरेलु स्तरमा औषधि निर्माण गर्न जानेको, अरुले निर्माण गरेको तथा बाजारमा तयारी अवस्थामा पाइने विभिन्न कम्पनीका शास्त्रीय वा पेटेण्ट औषधिहरु, प्रयोगमा नल्याई आफै जडिबुटिबाट औषधि निर्माण गरी उपचार सेवा प्रवाह गरेको हुनुपर्ने,

(ङ) विज्ञापन दिएर आफ्नो वा आफुले प्रदान गर्ने सेवा वा व्यवसायको प्रचार–प्रसार गर्न पाइनेछैन,

(च) आफ्नो ज्ञान, सीप, प्रविधि वा मौलिक पाण्डुलिपि भएमा सोको प्रमाणीकरण, संरक्षण, संवर्धन वा छपाइको लागि आयुर्वेद औषधालय वा पालिकासँग सम्पर्क र समन्वय गर्नुपर्नेछ ।

१०) **<u>परम्परागत उपचारकले देहाय बमोजिम अभिलेख राख्नु पर्नेछ</u>** : (१) परम्परागत उपचारकले सेवा प्रदान गर्ने सेवाहरुको र सेवाग्राहीहरुको विस्तृत विवरणको अभिलेख अनुसूची-३ बमोजिमको ढाँचामा राख्नुपर्ने छ।

(२) उक्त विवरण चौमासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

११) **<u>परम्परागत उपचारकको अभिलेख राख्नुपर्ने</u>**:- परम्परागत उपाचारकबाट प्राप्त निवेदन उपर आवश्यक छानवीन तथा आवश्यक कारवाही गरी नगरपालिकाले सूचिकृत गरी सो को अभिलेख अनुसूची-४ बमोजिम राख्नुपर्नेछ ।

१२) **सेवाको पारदर्शिता** : परम्परागत उपचारकले आफ्नो सेवाको बारेमा स्पष्ट बुझिने गरी सम्पूर्ण सेवाग्राहीलाई जानकारी गराउनु पर्नेछ।

१३) **कारबाही:** सूचिकृत नभई स्वास्थ्य सेवा प्रदान गर्ने परम्परागत उपचारकलाई प्रचलित नेपालको प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१४) **संशोधन गर्न सक्ने:** नगर कार्यपालिकाले आवश्यकतानुसार यस मापदण्डलाई संशोधन गर्न सक्नेछ ।

१५) **व्याख्या:** यस मापदण्डमा उल्लिखित दफाहरुमा कुनै द्विविधा परेमा सोको व्याख्या नगरपालिकाले गर्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्वन्धीत)

पासपोर्ट साईजको फोटो

परम्परागत उपचारकको सूचिकृत फारम

व्यक्तिगत जानकारी -

नाम, थर :                                        लिङ्ग :

जन्म मिति : वि.सं.                                वर्षः

सम्पर्क नं :                                        ईमेल :

ठेगाना :

जिल्ला :                गाउँपालिका/ नगरपालिका :

वार्ड नं. :

गाउँ/टोल :                                प्रदेश :

बाबुको नाम :

ठेगाना :

पेशा :

बाजेको नाम :

ठेगाना :

पेशा :

शिक्षा :

साक्षर/प्राथमिक/माध्यमिक/उच्च/खुलाउने                अन्य

कसरी ज्ञान आर्जन गर्नुभयो ? :

बाबु/बाजे : (नाम)

गुरुबाट : (नाम, ठेगाना)

स्वयंः (नाम, ठेगाना)

अन्य :

सिकेको अवधि :

काम गर्न शुरु गर्दाको उमेर :

अनुभव अवधि :

आफ्नो दक्षता (Skill/knowledge) को क्षेत्र/विषय (धेरैमा ५ वोटा सम्म) :

१.

२.

३.

४.

५.

घोषणा : माथिको उल्लेखित कुरा मेरो ज्ञान र होस हवासमा ठिक छ, झुट्ठा ठहरे कानून बमोजिम होस।

नाम : ठेगाना :

दस्तखत : औंठाको छाप : मिति :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

पेश गर्नुपर्ने कागज/प्रमाणहरु :

१. पासपोर्ट साइजको फोटो

२. सबै कागजपत्रहरु निवेदन फारमसंगै संलग्न गर्नुपर्नेछ (र साथै सक्कल देखाउनु पर्नेछ)

अनुसूची-२

(दफा ८ को खण्ड (ख) सँग सम्वन्धीत)

परम्परागत उपचारकको सिफारिश पत्र

| |
|---|
| पासपोर्ट साईजको फोटो |

............................... का नाति/नातिनी ................................... का छोरा/छोरी ................ न.पा./गा.पा ............. वडा नं बस्ने ......... वर्षका श्री/श्रीमति/सुश्री ................................ वंश परम्परा/गुरु शिष्य परम्परा अनुसार ज्ञान हासिल गरी ................................ (परम्परागत उपचारकको प्रकार खुलाउनें) .......... वर्ष देखि स्थानीय रुपमा परम्परागत उपचारकको कार्य गरीरहेको व्योहोरा प्रमाणित गरीन्छ ।

सिफारिश गर्ने

वडा अध्यक्षको नाम:

दस्तखत:

कार्यालयको छाप

अनुसूची-३

(दफा १० को उपदफा (१) सँग सम्वन्धीत)

परम्परागत उपचारकले सेवा प्रदान गर्ने सेवाहरुको अभिलेख राख्ने अनुसूची

| सि नं | सेवाग्राही को नाम थर | ठेगाना | सम्पर्क नम्बर | लक्षणहरु/ रोग निदान | उपचार विधि / किसिम | प्रदान गरिएको सेवा/उपचारमा प्रयुक्त जडिबुटि वा साधन स्रोत | उपचार अवधि | बुवा को नाम | बाजे को नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-४

(दफा ११ सँग सम्वन्धीत)

## परम्परागत उपचारकको सूचीकरण फारम

| सि नं | नाम थर | उमेर/ लिङ्ग | ठेगाना | सम्पर्क नम्बर | बुवाको नाम थर | बाजेको नाम थर | परम्परागत उपचारकको किसिम | उपचारमा संलग्न भएको अवधि | उपचार गर्ने रोगहरु | उपचारमा प्रयुक्त जडिबुटि वा साधन स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**प्रमाणीकरण मिति: २०७७।११।१८**

**आज्ञाले,**
**टेकनाथ दहाल**
**प्रमुख प्रशासकीय अधिकृत**